# साल्पासिलिछो गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चौकिडाँडा, भोजपुर
कोशी प्रदेश, नेपाल


पत्र संख्या: २०८१/८२
च.नं.: 2011

मिति: २०८२।०३।०३
ने. सं.: ११४५ बछलागा

श्री बिषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था (सबै),
श्री विद्यालय, संघसंस्था तथा उपभोक्ता समिति (सबै),
श्री निर्माण व्यवसायी तथा परामर्शदाता (सबै),
तथा सम्बन्धित सरोकारवाला (सबै),
साल्पासिलिछो गाउँपालिका, भोजपुर

विषय : चालु आ.वा. २०८१/०८२ को भुक्तानी तथा खाता बन्द हुने सम्बन्धमा।

प्रस्तुत विषयमा चालु आ.व. २०८१/०८२ मा यस गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्बन्धमा आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) बमोजिम आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी व्यवस्था रहेको साथै महालेखा नियन्त्रकको कार्यालयको च.नं. १४२, मिति २०८२/०२/२० को पत्रले समेत भुक्तानी कार्यमा अन्तिम समयमा अत्याधिक चाप पर्न जाने भएकाले यथाशिघ्र भुक्तानी गर्ने व्यहोराको परिपत्र भएको छ सोहि अनुसार २०८१/०३/२० भित्र आयोजना तथा कार्यक्रम सम्पन्न गरी फरफारक गर्नुहुन अनुरोध छ। यधपी वर्षादको मौसम, विद्युत , इन्टरनेटमा आईपर्ने समस्या र भुक्तानीको लागि प्रयोग हुने **स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (SUTRA)** मा बढी चाप पर्न गई **SUTRA** को सर्भर न्यून गतिमा चल्ने, डाउन हुनेलगायतका समस्या आइपर्ने भएकाले सम्बन्धित व्यक्ति, वडा तथा शाखाका कर्मचारी, विद्यालय, आपूर्तिकर्ता, सेवा प्रदायक संघसंस्था, उपभोक्ता समिति, निर्माण व्यवसायीहरुले सम्पूर्ण प्रक्रिया पुरा गरि मिति २०८२/०३/२० गते भित्रमा भुक्तानी लिनुहुन साथै पेश्की फछ्यौट गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ। उक्त अवधिपछि भुक्तानीका लागि पेश भएका कागजात उपर उपरोक्त कारणले भुक्तानी हुन नसकेको खण्डमा कार्यालय जिम्मेवार नहुने व्यहोरा समेत अवगत गराउदछौं।

..............................

बुनु राई

प्रमुख प्रशासकीय अधिकृत

बुनु राई
प्रमुख प्रशासकीय अधिकृत


E-mail: salpasilichhoruralmunicipality@gmail.com
www.salpasilichhomun.gov.np